# देवनागरी लिपि र यसको आधुनिकीकरण


अशोकमान सिं


देवनागरी लिपिलाई विशेष संस्कृत, हिन्दी तथा नेपाली लिपिको पहिचानका रूपमा विकास भएको लिपि मानिन्छ।

देवनागरी लिपिको इतिहासलाई हेर्दा यसको सिर्जना झन्डै दुई हजार वर्ष अगाडि भारतमा भएको बुझिन्छ। यसको मूल स्रोत ब्राह्मी लिपि हो भनेर उल्लेख गरिएको छ। अर्थात् देवनागरी लिपि ब्राह्मी लिपिबाट विकास भएको लिपि मानिन्छ। ब्राह्मी लिपि विश्वकै सरल र अति महत्त्वपूर्ण अक्षर लेखन शैली मध्येका एक मानिन्छ।

ब्राह्मी लिपि भारतका सम्राट् अशोकको पालामा प्रयोग गरिने प्रचलित लिपि हो। यसलाई अशोक लिपि पनि भन्ने गरिन्छ। यसको ज्वलन्त उदाहरणका रूपमा सम्राट् अशोकद्वारा स्थापित लुम्बिनीको अशोक स्तम्भमा कुँडिएको ब्राह्मी लिपिका अक्षरलाई लिन सकिन्छ। त्यसताका बोलिचालीका हिसाबले सजिलोसँग पढ्न लेख्न सकिने हिसाबले भाषाको रूपमा विकास भएको उक्त लिपिलाई प्राकृत लिपि पनि भनिन्छ। ब्राह्मी लिपि २३८ इस्वी संवत्पूर्वीतिर सुरु भएको लिपि हो। त्यही लिपि पछि इस्वी संवत् पाँचौं शताब्दीमा आएर गुप्ता लिपिका रूपमा विकास भएको हो।


ब्राह्मी लिपि मूलतः ब्राह्मी परिवारद्वारा सिर्जित लिपि हो। त्यसैले यसको नाम ब्राह्मी लिपि रहन गएको भनिन्छ। पछि ब्राह्मी लिपिबाट नै भारतमा नौ ओटा विभिन्न भाषाका लिपिमा विकास भएको हो। ती हुन् : मलायालम, तामिल, कनाडा, तेलेगु, ओरिया, बङ्गाली, गुजराती, देवनागरी अथवा संस्कृत र गुरमुखी। तीमध्येदे वनागरी अथवा संस्कृत लिपि हिन्दुहरूको मूल भाषाको रूपमा विकास भएको लिपि हो। हिन्दु र संस्कृतको बोलिचाली भाषा र लेखनमा विकास भएको देवनागरी लिपिबाट नै पछि नेपाली भाषाको पनि विकास भएको हो। अर्थात् देवनागरी लिपि हिन्दी र नेपालीको बोलिचाली भाषामा भिन्नता भएता पनि लिपि चाहिँ एउटै हो। त्यसैले नेपाली भाषा र लिपि भारतबाट आएको आगन्तुक भाषा र लिपि हुन्। यस अर्थले नेपालको राष्ट्रिय लिपि देवनागरीलाई मान्न सकिँदैन। किनभने यो लिपि नेपाल र भारतको संयुक्त लिपि हो। देवनागरी लिपि विशेष धार्मिक दृष्टिकोणबाट राखिएको नाम हो। देवनागरी नाम दुईटा शब्द मिलेर बनेको यौगिक शब्द हो। 'देव' माने ईश्वर र 'नगरी' माने बस्ती अर्थात् देवताका बस्ती। पुरा अर्थमा हिन्दु





शास्त्रअनुसार देवताहरूको बस्तीमा बोलिने भाषा वा लिपि भन्ने बुझिन्छ।

ब्राह्मी लिपिलाई संस्कृत तथा देवनागरी लिपिका रूपमा सरलीकृत रूपबाट परिमार्जित गरी पढ्न र लेख्न योग्य बनाउने काममा विकास गर्ने जेम्स प्रिन्सेप हुन्। उनले सन् १८३७ मा यो काम गरेका थिए। जेम्स प्रिन्सेप त्यसबेलाका बृटिस इस्ट इन्डिया कम्पनीका उच्च आधिकारिक पुरातत्त्वविद् एवम् भाषा वैज्ञानिक थिए। परन्तु विशेष हिन्दी तथा संस्कृत भाषामा देवनागरी लिपिको हस्त लेखन शैली भारतका ब्राह्मण विद्वान्हरूले शुभारम्भ गरेको मानिन्छ। पछि त्यही लिपिलाई भारतको पश्चिमी शिक्षाविद् तथा भाषा विशेषज्ञ एवम् विद्वानहरूले बाँस अथवा




निगालोको कलम बनाई अक्षर लेख्ने प्रयोग र प्रचलनमा ल्याए। उक्त लिपिको सुरुआत झन्डै दसौँ शताब्दीतिर भएको बुझिन्छ। लिपिका रूपमा निगालोद्वारा लेखिएका देवनागरीको हस्तलिखित नमुना इस्वी संवत् १६३०-१६५० तिरको एसियन आर्ट म्युजियममा राखिएको भागवत पुराणका पान्डुलिपि रहेको छ।

नेपाली भाषा गुप्ता भाषाबाट प्रेरित भाषा हो। गुप्ता भाषाको लिपि उत्तर भारतमा प्रचलित लिपि हो। त्यही लिपिबाट नै नेपाली भाषाको लिपि विकास भएको हो। नेपालमा नेपाली भाषा र लिपि चाहिँ किरात कालमा वि. सं. १३८२ मा प्रयोग भएको देखिन्छ। तर शिलालेखमा उल्लेख भएअनुसार नेपालीको काँचो भाषाको स्रोत भने आदित्यवंशी राजा डमुपालद्वारा वि. सं. १०३८ मा सुरु भएको मानिन्छ। अर्को स्रोतअनुसार नेपाली भाषा र देवनागरी लिपिको आगमन सुरुमा गोरखा र गडवालमा भएको मानिन्छ। उक्त देवनागरी लिपिको नेपाली भाषा नै पृथ्वीनारायण शाहका पुर्खाले नेपालमा सत्रौँ शताब्दीतिर ल्याएका हुन्। पछि उक्त भाषालाई परिमार्जन गरी गोर्खाली अथवा खस भाषाको नाममा प्रचलनमा ल्याई प्रयोग गर्ने पृथ्वीनारायण शाह हुन्। प्रायः नेपालको पहाडतिर बोलिने भाषा भएको हुँदा यस भाषालाई पर्वतीय भाषा पनि भनिन्थ्यो। पछि नेपाल ठुलो राज्यको रूपमा एकिकृत हुने क्रममा फेरि उनीद्वारा नै गोरखाली अथवा खस भाषालाई नेपाली भाषा भनेर नामकरण गरियो।

इतिहासमा उल्लेख भएअनुसार नेपाली भाषामा सबैभन्दा पुरानो हस्तलिखित लिपिको कृति 'अशोक चिल्ल' हो। यसको अक्षर वि. सं. १३२१ मा तामाको पातामा कुँदिएको छ। नेपाली देवनागरी लिपिको सबैभन्दा पुरानो र पहिलो हस्तलिखित पुस्तक 'खण्ड खाद्य' हो। यो

वि. सं. १६४२ मा लेखिएको हो। तर लेखकको नाम उल्लेख गरी प्रकाशित गरिएको सबैभन्दा पुरानो नेपाली देवनागरीको हस्तलिखित लिपिको पुस्तकचाहिँ 'ज्वारप पति चिकित्सा' हो। यो वि. सं. १७७३ मा संस्कृत भाषाबाट अनुवाद गरिएको थियो। नेपालको पहिलो नेपाली देवनागरी लिपिद्वारा हस्तलिखित ग्रन्थ भानुभक्तको रामायण महाकाव्य हो र भानुभक्तद्वारा निगालोले देवनागरी लिपिबाट कविता लेख्ने थालनी वि. सं. १८२० तिर गरेका थिए।

नेपालमा विभिन्न जातिका विभिन्न भाषा भए पनि तिनीहरूको लेखिने मूल लिपिको स्रोत पनि ब्राह्मी लिपि नै हो। उक्त लिपिबाट नै परिमार्जित भई सबै भाषाका लिपिहरू आफ्नै मौलिक रूपमा विकास भएका हुन्। तर नेपालको इतिहासमा नेपाली भाषाको अतिरिक्त नेपाल भाषाको नाममा नेवारी भाषाको लिपिको विकास पनि झन्डै दसौँ शताब्दीदेखि नै भएको बुझिन्छ। नेवार भाषालाई नेपाल भाषा भनिएको मूल कारण पहिला तिन ओटा नेवार राज्य रहेको काठमाडौँ उपत्यकालाई नेपाल भनिन्थ्यो र यहाँका बासिन्दाले बोलिने भाषा नेवार भएको कारण उक्त भाषालाई नेपाल भाषा राखिएको हो।

नेपालमा प्रचलित लिपि देवनागरी हो र नेपालका अन्य भाषाका लिपिहरूको ढाँचा र शैली देवनागरीसँग मिल्दाजुल्दा छन्। तर नेपाल भाषाको लिपि तथा अक्षर ढाँचा अरूभन्दा पृथक छन्। नेपाल भाषाको लिपि पनि मूल तिन थरीका छन् – प्रचलित नेपाल लिपि, रञ्जना लिपि र भुजिमोल लिपि। नेपालको प्राचीन ग्रन्थहरूमा वा शिलापत्रहरूमा प्रायः प्रचलित नेपाल लिपि प्रयोग गरेको पाइन्छ। तर नेपालको आफ्नै मौलिक तथा कलात्मक ढाँचाबाट



सिर्जना गरिएको लिपि भने रञ्जना लिपि हो। यसको आकार प्रकार अथवा ढाँचाका हिसाबले यो नेपालको सर्वथा मौलिक लिपि हो। यो लिपि एघारौँ शताब्दीदेखि अठारौँ शताब्दीसम्म व्यापकरूपमा प्रचलित भएको लिपि मानिन्छ। अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको मौलिक लिपिका रूपमा पहिचान गराउने लिपि यही रञ्जना हो।

लिपिको आधुनिकीकरणको विकासमा देवनागरी लिपि बिसौँ शताब्दीमा आएर नयाँ नयाँ विभिन्न अक्षरको आकार प्रकार वा ढाँचामा विकास भएको देखिन्छ। लेटर प्रेसद्वारा छपाइ गरिने प्राविधिक विकास भएपछि अङ्ग्रेजी अक्षरको नयाँ नयाँ टाइपफन्टको ढाँचामा भारतबाट देवनागरी लिपिमा टाइप निर्माण हुन थाल्यो। उक्त विभिन्न स्टाइलका टाइपहरू भारतका टाइप फाउन्ड्रीहरूबाट नेपालमा भित्रिन थाले।

नेपालको इतिहासमा झन्डै वि. सं. २०३६ सालसम्म पनि देवनागरीका मूल लिपिबाहेक आधुनिक ढाँचामा लिपि बनाउने विकास भएको देखिएन। वि. सं. २०४२ सालतिर अफसेट प्रविधिको प्रचलनसँगै पत्रपत्रिकामा नयाँ नयाँ स्टाइलका अक्षर प्रयोग गर्न थालिए। कम्प्युटर प्रविधिको सुविधा नआइसकेको अवस्थामा झन्डै वि. सं. २०५२ सालसम्म प्रायः हातले अक्षर लेखेर प्रयोग गर्ने प्रचलनमा सीमित रहिरह्यो। नेपालमा कम्प्युटर भित्रिएपछि कम्प्युटरद्वारा प्रयोग गर्न सकिने नयाँ नयाँ आधुनिक फन्टहरूको सफ्टवेयर भारतबाट भित्रियो। नेपालमा पत्रपत्रिकामा डिजाइनको महत्त्व र यसको विकासको बिस्तार पनि सुरु हुन थालेको अवस्थामा त्यति उपयुक्त आधुनिक अक्षरको अभाव निकै खड्किरहेको थियो।

यसै अभावलाई मनन गरी वि. सं. २०५४ सालमा कामना प्रकाशन संस्थामा रहँदा 'कामना' नामको नयाँ नेपाली फन्ट निर्माण गरियो। त्यसको लगत्तै वि. सं. २०५६ सालमा फेरि अर्को छ ओटा नयाँ अक्षरहरू निर्माण गरियो। विभिन्न ढाँचामा तयार पारी प्रकाशित गरिएका उक्त फन्टहरू सम्भवतः नेपालको इतिहासमा पहिलो प्रतिलिपि अधिकार प्राप्त (कपिराइट) दर्ता गरिएका फन्टहरू हुन्। ती हुन् – कामना, साधना, आकृति, महानगर, नूरिशा ब्रस स्कृप्ट, कुञ्जन आर्टडेको र रवीन। अठार वर्ष अगाडि रचना गरिएका उक्त अक्षरहरूको गुरुकपी र दर्ताको प्रमाणपत्र हालसम्म यस पङ्क्तिकार तथा लिपिकारसँग सुरक्षित छ।

हाल आएर सञ्चारको होडबाजीमा देवनागरी लिपिका विभिन्न अत्याधुनिक ढाँचाहरूमा अक्षरहरू तयार पार्ने सिर्जनात्मक काममा धेरै डिजाइनरहरू लागिपरेका छन्। सञ्चारका विभिन्न माध्यममा नयाँ नयाँ आधुनिक फन्टहरू प्रयोग भएको देख्न पाइराखेका छौँ। पत्रपत्रिकाका क्षेत्रमा र सञ्चारका अन्य क्षेत्रमा समेत अक्षरका माध्यमबाट विविधता, रोचकता, नवीनता तथा आकर्षण प्रस्तुत हुने गरेको छ। डिजाइनिङ क्षेत्रका लागि यो गर्वको कुरा भएको छ। नयाँ प्रतिभामुखी डिजाइनर तथा कलाकारहरूका लागि हौसला एवम् प्रेरणाका स्रोत बन्न पुगेको छ।

देवनागरी लिपिका
व्यञ्जन वर्ण (Consonant)

| | | | | | |
|---|---|---|---|---|---|
| क | ख | ग | घ | ङ | |
| च | छ | ज | झ | ञ | |
| ट | ठ | ड | ढ | ण | |
| त | थ | द | ध | न | |
| प | फ | ब | भ | म | |
| य | र | ल | व | श | |
| ष | स | ह | क्ष | त्र | ज्ञ |

भानुलिपि







क ख ग घ ङ च छ ज झ ञ ट ठ ड ढ ण
त थ द ध न प फ ब भ म य र ल व श
ष स ह क्ष त्र ज्ञ
अ आ इ ई उ ऊ ए ऐ ओ औ अं अः
ा ि ी ु ृ े ै ो ौ ं : ँ ? ं
१ २ ३ ४ ५ ६ ७ ८ ९ ०













॥तु॥ श्रीगणेशाय नमः ॥ अथ वामनपुराणोक्त
॥१॥ तुलसी पूजा विधिर्लिख्यते ॥ अथ ध्यानं विधा
य ॥ ध्यानम् ॥ ध्यायेत् तुलसी देवीं श्यामां क
मललोचनाम् ॥ प्रसन्नां पद्मकल्हार वराभयच
तुर्भुजाम् ॥ १ ॥ किरीट हार केयूर कुण्डलादि वि
भूषिताम् ॥ धवलांशुक संयुक्तां पद्मासन निषे ॥तम॥
दुषीम् ॥ २ ॥ देवि त्रैलोक्य जननि सर्वलोकैक ॥१॥



पावनि ॥ आगच्छ भगवत्यत्र प्रसीद तुलसी प्रि
ये ॥ ३ ॥ इत्यावाहनम् ॥ अथासनम् ॥ सर्वदेव
मये देवि सर्वदा विष्णु वल्लभे ॥ देवि स्वर्णमयं दि
व्यं गृहाणासन मव्ययम् ॥ ४ ॥ अथ पाद्यम् ॥ स
र्वदेवमयाकारे सर्वदेव नमस्कृते ॥ दत्तं पाद्यं गृ
हाणेदं तुलसि त्वं प्रसीद मे ॥ ५ ॥ अथार्घ्यम्
सर्वतीर्थमयाकारे सर्वागम निषेविते ॥ इदमर्घ्यं



**अशोकमान सिं**

*बि. सं. २०१२ मा पाल्पा तानसेनमा जन्मेका अशोकमान सिं कला क्षेत्रमा चार दशक पार गरिसकेका छन् । तीन दशक अगाडिदेखि फोटोग्राफी, ग्राफिक डिजाइन, इलस्ट्रेसन, मुद्रण तथा उत्पादन एवम् प्रकाशन क्षेत्रमा कार्यरत रहँदै आएका उनी चित्रकला क्षेत्रमा चार दशक देखि नै संलग्न रहँदै आएका छन् । कला क्षेत्रका अतिरिक्त उनी साहित्य विधामा पनि कलम चलाउँछन् । उनका 'रङ' शीर्षकको अत्यन्त उपयोगी पुस्तकका अतिरिक्त उपन्यास एवम् बाल कथाहरू प्रकाशित छन् । नेपाल सरकारबाट प्रदान गरिने क्षेत्रीय राष्ट्रिय पुरस्कार र नेपाल ललित कला प्रज्ञा पुरस्कारबाट समेत सम्मानित सिंले अन्य विभिन्न पुरस्कार प्राप्त गरिसकेका छन् । हाल उनी सेन्टर फर आर्ट एन्ड डिजाइन, काठमाडौँ युनिभर्सिटी र सिर्जना कलेज अफ फाइन आर्टसमा अध्यापनरत छन् ।*